# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६७४/२०७२/०७३

निर्णय नं. २१

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ..............................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहल ........................................१ विपक्षी
सूचना अधिकारी, नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहल .......................................१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहल समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।२१ मा पुनरावेदन गरेको । उक्त पुनरावेदन उपर आयोगबाट मिति २०७३।०३।२९ मा सूचना दिनू भन्ने आदेश भएको । सो आदेश कार्यान्वयनको लागि च. नं. २५ मिति २०७३।०४।०३ को पत्र मार्फत नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहललाई लेखी गएको । तत् पश्चात नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहलको प. सं. ५५/०७३/७४ मिति २०७३।०४।१६ को पत्रबाट पुनरावेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ लेखी आएकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम् ।